# नेपाल विद्युत प्राधिकरण
## सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली, २०७१

नेपाल विद्युत प्राधिकरण ऐन २०४१ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिले देहायको विनियम बनाएको छ ।

## परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो विनियमावलीको नाम "नेपाल विद्युत प्राधिकरण सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली, २०७१" रहेको छ ।

ख) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषाः**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा–

क) "ऐन" भन्नाले नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ लाई सम्झनु पर्छ ।

ख) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ अन्तर्गत स्थापना भएको नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्छ ।

ग) "सञ्चालक समिति" भन्नाले नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ८ बमोजिम गठित ने.वि.प्रा. सञ्चालक समितिलाई सम्झनु पर्छ ।

घ) "मुख्य प्रशासकीय अधिकृत" भन्नाले नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १७ बमोजिम नियुक्त भएको व्यक्तिलाई सम्झनु पर्छ ।

ङ) "विभाग" भन्नाले प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयअन्तर्गतको सामुदायिक ग्रामीण विद्युतीकरण विभागलाई जनाउनेछ ।

च) "क्षेत्रीय कार्यालय" भन्नाले प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयअन्तर्गतको क्षेत्रीय कार्यालयलाई जनाउनेछ ।

छ) "आर्थिक प्रशासन विनियमावली" भन्नाले ने.वि.प्रा., आर्थिक प्रशासन विनियमावली, २०६८ लाई सम्झनु पर्दछ ।

ज) "वितरक संस्था" भन्नाले ग्रामीण क्षेत्रमा सामुदायिकरुपमा विद्युत वितरणको सेवा प्रदान गर्ने उद्देश्यले यस विनियमावलीको विनियम ४ बमोजिम स्थापना भएको वितरक संस्थालाई सम्झनु पर्छ ।

झ) "थोक ग्राहक" भन्नाले वितरक संस्थाको स्वीकृत वितरण क्षेत्रभित्रको वितरण प्रणालीको एक बिन्दुमा मिटर जडान गरी त्यस क्षेत्रको ५० के.भि.ए. वा सोभन्दा कम लोड भएको एक वा एकभन्दा बढी ग्राहकहरुलाई विद्युत वितरण गर्न स्थापना भएको वितरक संस्थालाई सम्झनु पर्छ ।

ञ)	"थोक मिटर" भन्नाले प्राधिकरणले वितरक संस्थालाई थोकमा विद्युत बिक्री गर्ने वितरण प्रणालीमा जडान गरीएको मिटर सम्झनु पर्छ ।

ट)	"सम्झौता" भन्नाले वितरक संस्थाले प्राधिकरणबाट थोक दरमा विद्युत खरीद गरी वितरण गर्ने सम्बन्धमा प्राधिकरण र वितरक संस्थाबीच भएको सम्झौतालाई सम्झनु पर्दछ ।

ठ)	"ग्राहक" भन्नाले विद्युत वितरण विनियमावली, २०६९ अनुसार वितरक संस्थाले बिक्री वितरण गरेको विद्युत सेवा उपभोग गर्ने ग्राहकहरुको सूचीमा नाम दर्ता भएको व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ र सो शब्दले कुनै संस्था वा कार्यालयको हकमा उक्त संस्था वा कार्यालयको प्रमुखसमेतलाई जनाउँछ ।

ड)	"मिटर" भन्नाले प्राधिकरणले विद्युतको खपत वा उच्चतम् माग वा दुवै नाप गर्ने वितरण प्रणाली वा ग्राहकको घरमा जडान गरेको यन्त्रलाई सम्झनु पर्दछ ।

ढ)	"वितरण क्षेत्र" भन्नाले प्राधिकरण र वितरक संस्थाबीच भएको सम्झौतामा उल्लेखित क्षेत्रलाई सम्झनु पर्दछ ।

ण)	"वितरण लाइन" भन्नाले वितरक संस्थाले विद्युत वितरण गर्ने प्रयोजनको निम्ति थोक मिटर जडानपछिको वितरण क्षेत्रमा भएको वितरण संरचना सम्झनु पर्दछ ।

त)	"वितरण प्रणाली" भन्नाले विद्युत वितरण गर्ने प्रयोजनको लागि विद्युत उत्पादन केन्द्र वा प्रसारण केन्द्रदेखि वितरक संस्थाको लागि जडान भएको थोक मिटरसम्मको वितरण संरचनालाई सम्झनु पर्दछ ।

थ)	"कार्यालय प्रमुख" भन्नाले निश्चित् उद्देश्य पूर्तिका लागि छुट्टै बजेट तथा दरबन्दी भई आर्थिक तथा प्रशासनिक अधिकार प्रयोग गर्नपाउने प्राधिकरणका पदाधिकारीलाई सम्झनु पर्दछ ।

द)	"स्थानीय कार्यालय" भन्नाले सम्बन्धित जिल्लास्थित प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयअन्तर्गतको वितरण केन्द्र वा तोकिएको कार्यालयलाई सम्झनु पर्दछ ।

ध)	"जनसहभागिता" भन्नाले सामुदायिक ग्रामीण विद्युतीकरणमा स्थानीय समुदायबाट उपलब्ध हुने आर्थिक, वस्तुगत र श्रम सहभागितालाई जनाउनेछ ।

न)	"निर्देशक समिति" भन्नाले विनियम १६ बमोजिम गठन भएको समितिलाई जनाउँछ ।

प)	"स्थानीय समिति" भन्नाले विनियम १३ बमोजिम गठन भएको समितिलाई जनाउँछ ।

फ)	"सामुदायिक ग्रामीण विद्युतीकरण" भन्नाले वितरक संस्थाको वितरण क्षेत्रमा सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत नयाँ विद्युत संरचना निर्माण गरी वा प्राधिकरणको विद्यमान विद्युत संरचनाबाट विद्युत वितरण गरिने कार्यलाई सम्झनु पर्दछ ।

ब) “लाइन विस्तार” भन्नाले वितरक संस्थाको वितरण क्षेत्रभित्र विद्युतीकरण गर्न बाँकी रहेका उपभोक्तालाई विद्युत उपलब्ध गराउन निर्माण गरिने विद्युत संरचनालाई सम्झनु पर्दछ ।

भ) “विद्युत संरचना” भन्नाले ३३/११ के.भी. प्रसारण लाइन, वितरण ट्रान्सफरमर एवं ४००/२३० भोल्टको वितरण लाइनसमेतका संरचना सम्झनु पर्दछ ।

म) “सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम” भन्नाले सामुदायिक ग्रामीण विद्युतीकरणसँग सम्बन्धित कार्यक्रममा वितरक संस्थाको न्युनतम् लगानी १०% भएको कार्यक्रमलाई सम्झनु पर्दछ ।

य) “प्रणाली सुदृढीकरण” भन्नाले वितरक संस्थाको वितरण क्षेत्रअन्तर्गत विद्युत संरचनाको क्षमता वृद्धिको लागि कण्डक्टरको साईज बढाउने वा फेज थप गर्ने वा ट्रान्सफरमरको क्षमता बढाउने वा ट्रान्सफरमर थप गर्ने वा विद्युत संरचनामा केही परिवर्तन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

र) “मर्मत-सम्भार” भन्नाले विद्युत संरचनामा प्रयोग भई बिग्रिएका विद्युत सामाग्री मर्मत गरी प्रयोग गर्ने वा त्यसको सट्टामा अर्को मालसामान प्रयोग गर्ने वा सानातिना मालसामान थप गरी विद्युत संरचना दुरुस्त राख्ने कार्यलाई सम्झनु पर्दछ ।

ल) “मर्मत-सम्भार कोष” भन्नाले यस विनियमावलीको विनियम ११(२) बमोजिमको कोषलाई सम्झनु पर्दछ ।

व) “सामुदायिक ग्रामीण विद्युतीकरण कोष” भन्नाले यस विनियमावलीको विनियम ११(१) बमोजिमको कोष सम्झनु पर्दछ ।

श) “टेपिङ्ग प्वाइन्ट” भन्नाले वितरक संस्थालाई विद्युत आपूर्ति गर्ने प्रयोजनका लागि निर्मित लाइनलाई, प्राधिकरणको ३३ के.भि. वा ११ के.भि. को मूल फीडरमा वा ३३/११ के.भी. सव–स्टेशनमा जोडिने/जोडिएको स्थानलाई सम्झनु पर्दछ ।

ष) “ट्रान्सफरमर सम्बन्धी उपकरण” भन्नाले ट्रान्सफरमर सञ्चालनका लागि प्रयोग हुने आवश्यक उपकरण र तत्सम्बन्धी सुरक्षाका आवश्यक उपकरणहरुलाई सम्झनु पर्दछ ।

स) “प्रस्ताव” भन्नाले वितरक संस्थाले सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत सामुदायिक ग्रामीण विद्युतीकरण कार्य, क्षमता वृद्धि कार्य र मर्मत-सम्भार कार्यको स्वीकृतिको लागि स्थानीय कार्यालय/विभागमा पेश गरेको प्राविधिक, आर्थिक र प्रशासनिक विवरणलाई सम्झनु पर्दछ ।

ह) जिल्ला दररेट भन्नाले सम्बन्धित जिल्लाको जिल्ला विकास समितिबाट हरेक आ.व.मा निर्धारण गरिने दररेटलाई सम्झनु पर्दछ ।

क्ष) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले ऐन वा सो अन्तर्गत बनेको नियम वा विनियम, समिति वा अधिकार प्राप्त अधिकारी वा निकायको निर्णयबाट तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

**३. उद्देश्यः**

यस विनियमावलीका उद्देश्यहरु देहायबमोजिम हुनेछन्:

१) प्राधिकरणको विद्यमान विद्युत वितरण प्रणालिमा चुहावट कम गर्दै त्यसको रेखदेख, मर्मत-सम्भार र वितरण व्यवस्थालाई सामुदायिक रुपमा वितरक संस्थामार्फत सञ्चालन गरी विद्युत वितरण सेवामा प्रभावकारिता ल्याउन जनसहभागितालाई प्रबर्धन गर्ने ।

२) वितरक संस्थामार्फत विद्युत वितरण प्रणालीको संरक्षण तथा सम्बर्धन गर्दै वितरण लाइन विस्तार गर्ने कार्यमा जनसहभागिता बढाई सामुदायिक व्यवस्थापनलाई प्रोत्साहन गर्ने ।

३) वितरक संस्थामार्फत विद्युत वितरणमा ग्रामीण समुदायको प्राविधिक एवं व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने ।

४) ग्रामीण विद्युतीकरणमा निजी, समुदाय र स्थानीय निकायको लगानी र सहभागिता आकर्षित गर्ने ।

५) ग्रामीण विद्युतीकरण, जनचाहना एंव आवश्यकताअनुरुप न्यून रहेको सन्दर्भमा वितरक संस्थाको माध्यमबाट सो कार्यमा थप लगानी आकर्षित गरी बृहतरुपमा विस्तार गर्ने ।

६) ग्रामीण विद्युतीकरणमा दातृसमुदायको लगानी र सहभागिता प्रबर्धन एवं प्रोत्साहित गर्ने ।

७) जनसहभागितामा ग्रामीण विद्युतीकरण प्रणालीको विस्तार, विकास तथा प्रबर्धन गर्ने ।

**४. वितरक संस्थाको दर्तासम्बन्धी व्यवस्थाः**

१) वितरक संस्थाको स्थापना एवं गठन स्थानीय विद्युत उपभोक्ताहरु मध्येबाटै भएको हुनु पर्नेछ ।

२) वितरक संस्थाको दर्ता सहकारी ऐन, २०४८ बमोजिम हुनु पर्नेछ । संस्थाले आफ्नो विधानमा सामुदायिक रुपमा विद्युत वितरणसमेत गर्ने उद्देश्य राखेको हुनुपर्छ । तर, यस विनियमावली लागू हुनुभन्दा पहिले विभिन्न ऐनबमोजिम दर्ता भई प्राधिकरणसँग सम्झौता गरेका वितरक संस्थाले चाहेमा सहकारी ऐन, २०४८ बमोजिम दर्ता गर्न सक्नेछन् । सहकारी ऐन, २०४८ बाहेक अन्य ऐनबमोजिम दर्ता भएका वितरक संस्थाले सहकारी ऐन २०४८ अनुसार पछि दर्ता गरेमा प्राधिकरणसँग भएको साविकको सम्झौता नवीकरण गर्नु पर्नेछ ।

३) वितरक संस्था प्राधिकरणको थोक ग्राहकको रुपमा रहनेछ ।

**५. वितरक संस्थाको कार्यालय तथा वितरण क्षेत्रः**

१) वितरक संस्थाले आफ्नो कार्यालय सम्बन्धित वितरण क्षेत्रभित्र उपभोक्ताहरुलाई सुविधा पर्ने स्थानमा राख्नु पर्नेछ ।

२) सम्झौतामा उल्लेख भएको ग्रामीण क्षेत्र वितरक संस्थाको वितरण क्षेत्र हुनेछ । तर उक्त वितरण क्षेत्रअन्तर्गतका ५० के.भि.ए. भन्दा माथिको सप्लाई लिई रहेका वा लिने सम्पूर्ण ग्राहकहरु प्राधिकरणका ग्राहक हुनेछन् ।

# परिच्छेद–२

## वितरक संस्थाले पेश गर्नुपर्ने कागजातहरु

६. **वितरक संस्थाले पेश गर्नुपर्ने कागजातहरुः**

१) विद्युतीकरण नभएको ग्रामीण स्थानमा विद्युतीकरण गरी सेवा सञ्चालन गर्न चाहने वा प्राधिकरणले विद्युत वितरण गरिरहेको ग्रामीण क्षेत्रमा मौजुदा रहेको वितरण प्रणालीबाट विद्युतको वितरण गर्न चाहने संस्थाले अनुसुची–१ बमोजिमको ढाँचामा प्राधिकरणको स्थानीय कार्यालय र प्राधिकरणको स्थानीय कार्यालय नभएको स्थानमा सो सँगैको नजिकको जिल्लामा रहेको प्राधिकरणको स्थानीय कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उप विनियम (१) अनुसार निवेदन दिँदा संस्थाको प्रशासनिक, आर्थिक, प्राविधिक र व्यवस्थापकीय प्रस्तावसमेत संलग्न हुनु पर्नेछ ।

३) उपविनियम (१) बमोजिम दिइने निवेदनमा देहायबमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछः

क) वितरक संस्था दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

ख) वितरक संस्थाको विद्युत वितरण गर्ने क्षेत्र र सो को सिमाङ्कन उल्लेख भएको प्रस्ताव ।

ग) वितरक संस्थाको विधानको प्रतिलिपि ।

घ) वितरक संस्थाको जनशक्ति, प्राविधिक क्षमता, व्यवस्थापकीय संरचना तथा आर्थिक स्रोतसम्बन्धी प्रस्ताव तथा विवरण ।

ङ) वितरक संस्थाको कार्यसमितिको निर्णयको प्रतिलिपि ।

च) वितरक संस्थाको अध्यक्ष लगायत सम्पूर्ण कार्यसमितिका पदाधिकारीहरुको नामावाली सहित २/२ प्रति पासपोर्ट साइजको फोटो ।

छ) पछिल्लो राष्ट्रिय जनगणनाअनुसार वा जिल्ला विकास समिति वा गाउँ विकास समितिले प्रमाणित गरेको घरधुरी सँख्या ।

ज) वितरक संस्थाको कार्य समितिका सबै सदस्यहरु सोही वितरक संस्थाको वितरण क्षेत्रअन्तर्गत बसोबास गर्ने हुन् भनी सम्बन्धित जिल्ला विकास समिति वा गाउँ विकास समितिबाट प्रमाणित गरिएको सिफारिसको सक्कल प्रति ।

झ) वितरण क्षेत्रअन्तर्गत हुनसक्ने औद्योगिक ग्राहक एवं अन्य ग्राहकहरुको विवरण ।

ञ) विद्युतीकरण क्षेत्रको १:५००० स्केलको भौगोलिक नक्सामा टेपिङ्ग प्वाइन्ट देखिको विद्युत संरचनाको रेखाङ्कन ।

ट) ३३/११ के.भी. सवस्टेशनसम्बन्धी विवरण ।

ठ) मोटरबाटोदेखि वितरण क्षेत्रसम्म सामान ढुवानी गर्नुपर्ने दूरीको, सम्बन्धित जिल्ला विकास समितिबाट प्रमाणित कोश विवरण (कोश–प्रमाणित) र जिल्ला दररेटको प्रमाणित प्रतिलिपि ।

ड) आवेदन दस्तुरबापत रु. १००।- बुझाएको रसिद ।

**७. वितरक संस्थाको निवेदनउपर कारबाहीः**

१) विनियम ६(१) बमोजिम पर्न आएका प्रस्तावहरु स्थानीय कार्यालयले ३० दिनभित्र प्रारम्भिक छानबिन तथा जाँचबुझपश्चात् उपयुक्त ठहरिएमा लागत अनुमानसहित सिफारिस गरी विभागमा पठाउनु पर्नेछ ।

२) उपविनियम(१) बमोजिम विभागमा प्राप्त भएका प्रस्तावहरु माथि आवश्यक जाँचबुझ गरी उपयुक्त प्रस्ताव विभागले सिफारिससहित निर्देशक समितिमा स्वीकृतिका लागि पेश गर्नेछ।

३) प्रचलित कानुनबमोजिम विद्युतीकरण गर्नदिन सकिने/नसकिने आवेदन परेको ६० दिनभित्र सोही व्यहोराको जानकारी सम्बन्धित वितरक संस्थालाई दिईनेछ ।

४) उपलब्ध/स्वीकृत बजेटको स्थिति हेरि निर्देशक समितिले प्रस्ताव स्वीकृत गर्ने/नगर्ने निर्णय लिनेछ । निर्देशक समितिबाट प्रस्ताव स्वीकृत भएपश्चात् विभागले वितरक संस्थालाई ४५ दिनभित्र अनुसूची-२ मा उल्लेख भएबमोजिम सम्झौता गर्न आउनेबारेको आशयपत्र दिनु पर्नेछ ।

५) उपविनियम (३) बमोजिम सूचना प्राप्त गरेको मितिले ४५ दिनभित्र वितरक संस्थाले सम्झौता गर्नु पर्नेछ ।

६) उपविनियम (४) बमोजिमको म्यादभित्र सम्झौता गर्न नआएमा प्राधिकरण जिम्मेवार हुने छैन र वितरक संस्थालाई दिइएको आशयपत्र स्वतः रद्द भएको मानिनेछ ।

**८. वितरक संस्थाले जम्मा गर्नु पर्ने रकम सम्बन्धी व्यवस्थाः**

१) विनियम ७ को उपविनियम (४) बमोजिम सम्झौता गर्नुपूर्व वितरक संस्थाले लगानी गर्नु पर्ने न्युनतम १०% रकम मध्ये ७.५% रकम विभागले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।

२) उपविनियम (१) बमोजिम वितरक संस्थाले जम्मा गर्न बाँकी रहेको २.५% रकम सम्झौता भएको मितिले ६० दिन भित्र विभागले तोकेको खातामा जम्मा गर्नु पर्नेछ । कुल १०% रकम जम्मा भएपछि मात्र विद्युतीकरण कार्यको बोलपत्र आह्वान गरिनेछ ।

# परिच्छेद – ३
## खरिद

**९. निर्माण तथा खरिदसम्बन्धी व्यवस्थाः**

१) विनियम ७ बमोजिम वितरक संस्थाको प्रस्ताव स्वीकृत भई सम्झौता भएपछि स्वीकृत कार्यक्रमअनुसारको मालसामान उपलब्धि तथा निर्माणसम्बन्धी कार्य विभागले प्राधिकरणको आर्थिक प्रशासन विनियमावलीबमोजिम Turnkey रुपमा गर्नु/गराउनु पर्नेछ।

२) उपविनियम (१) बमोजिम Turnkey रुपमा आपूर्ति एवं निर्माण कार्य गरिए पनि मिटरको हकमा विभागले प्राधिकरणबाट उपलब्ध गर्नुपर्ने छ ।

३) कुनै विशेष कारणबाट जरुरी ठहरिएमा मात्र निर्देशक समितिको स्वीकृति लिई विनियम ४१ अनुसार निर्माण कार्यमा वितरक संस्थालाई सहभागि गराउन सकिनेछ ।

# परिच्छेद – ४
## वितरक संस्थाको काम कर्तव्य र जिम्मेवारी

**१०. वितरण लाइन निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

वितरण लाइन निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा वितरक संस्थाको काम कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछ ।

१) प्राधिकरणबाट थोकमा खरिद गरेको विद्युतको महसुल नियमितरुपमा भुक्तानी गर्नु पर्नेछ ।

२) नयाँ ग्राहक बनाउँदा उपलब्ध गराउनुपर्ने सेवा सुविधाहरु नियमितरुपमा उपलब्ध गराउनु पर्नेछ ।

३) ग्राहकलाई भरपर्दो, सुरक्षित एवं गुणस्तरयुक्त विद्युत सेवा प्रदान गर्नु पर्नेछ ।

४) वितरण क्षेत्रभित्र वितरण लाइन निर्माण वा विस्तार गर्दा आवश्यक पर्ने "RIGHT OF WAY" उपलब्ध गर्ने/गराउनेसम्बन्धी सम्पूर्ण कार्यहरु गर्नु पर्नेछ ।

५) विद्युत वितरणको लागि आकस्मिक तथा नियमितरुपमा गरिने मर्मत-सम्भार एवं वितरण लाइन निर्माण र विस्तारको कार्य गर्नु पर्नेछ ।

६) वितरक संस्थाले वितरण लाइनको मर्मत-सम्भार गर्दा र तोकिएको सुरक्षासम्बन्धी मापदण्ड नअपनाई मर्मत-सम्भार कार्य गर्दा हानी-नोक्सानी हुनगएमा सोको मर्मत-सम्भार गरी हस्तान्तरण हुँदाको पूर्ववत् अवस्थामा नै राख्ने जिम्मेवारी वितरक संस्थाको हुनेछ ।

७) वितरक संस्थाले वितरण लाइन वा अन्य कुनै संरचनाको मर्मत-सम्भार गर्नका लागि वा अन्य कुनै कारणले विद्युतको आपूर्ति रोक्नुपर्ने आवश्यकता भएमा

त्यस्तो संस्थाले सो कुराको जानकारी उपभोक्ताहरुको लागि उक्त कार्य गर्नुअगावै सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

८) वितरक संस्थाले नेपाल विद्युत प्राधिकरण ऐन- २०४१ विद्युत ऐन–२०४९, विद्युत नियमावली–२०५० र प्राधिकरणको विद्युत वितरण विनियमावली २०६९, प्रचलित निर्माण मापदण्ड र अन्य प्रचलित ऐन, नियम तथा विनियमावली एवं कार्यविधिमा भएको व्यवस्थाअनुसार विद्युत वितरण सेवासम्बन्धी आफ्ना कार्यहरु सञ्चालन र सम्पादन गर्नु पर्नेछ ।

९) वितरक संस्थाको लागि निर्माण गरिएको वितरण क्षेत्रभित्रको वितरण लाइनमा विद्युत दुर्घटना भई मानव तथा पशुधनलाई करेन्ट लागि घाइते वा मृत्यु भएमा पीडित पक्षलाई प्राधिकरणको विद्युत दुर्घटना क्षतिपूर्ति विनियमावली–२०६७ मा तोकिएबमोजिमको क्षतिपूर्ति वितरक संस्थाले दिनु पर्नेछ ।

१०) लीज वा भाडामा दिईएको विद्युत संरचनामा विद्युत दुर्घटना भई मानव तथा पशुधनलाई करेन्ट लागि घाइते वा मृत्यु भएमा पीडित पक्षलाई प्राधिकरणको विद्युत दुर्घटना क्षतिपूर्ति विनियमावली–२०६७ मा तोकिएबमोजिमको क्षतिपूर्ति वितरक संस्थाले दिनु पर्नेछ ।

११) वितरक संस्थाले अनुसूची-४ बमोजिमको अघिल्लो महिनाको मासिक विवरण अद्यावधिक गरी प्रत्येक महिनाको १५ गतेभित्र प्राधिकरणको स्थानीय कार्यालयमा अनिवार्यरुपमा उपलब्ध गराउनु पर्नेछ ।

# परिच्छेद –५

## कोषसम्बन्धी

**११. कोषसम्बन्धी व्यवस्थाः**

सामुदायिक ग्रामीण विद्युतीकरण कार्य सञ्चालन तथा मर्मतको लागि देहायबमोजिमका कोषहरुको व्यवस्था हुनेछः

**(१) सामुदायिक ग्रामीण विद्युतीकरण कोषः**

क) सामुदायिक ग्रामीण विद्युतीकरण, लाइन विस्तार तथा प्रणाली सुदृढीकरण कार्यका लागि एउटा छुट्टै "सामुदायिक ग्रामीण विद्युतीकरण कोष" खडा गरिनेछ साथै उक्त कोषमा जम्मा भएको रकम सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम र सोसँग सम्बन्धित कार्यक्रममा मात्र खर्च गरिनेछ । प्राधिकरणको आर्थिक प्रशासन विनियमावलीबमोजिम सामुदायिक ग्रामीण विद्युतीकरण विभागबाट कोषको सञ्चालन गरिनेछ ।

ख) खण्ड (क) बमोजिमका कार्यको लागि खडा गरिने कोषमा नेपाल सरकार, वितरक संस्था वा अन्य कुनै स्रोतबाट रकम प्राप्त हुने भए सो रकमसमेत जम्मा गरिनेछ ।

ग) सामुदायिक ग्रामीण विद्युतीकरण कोषको लेखा परीक्षण आर्थिक प्रशासन विनियमावलीबमोजम हुनेछ ।

२) **मर्मत-सम्भार कोषः**

क) वितरक संस्थाले वितरण लाइनको नियमित मर्मत-सम्भार कार्यका लागि छुट्टै मर्मत-सम्भार कोष खडा गरी सोको रकम छुट्टै खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

ख) खण्ड (क) अनुसारको कोषमा वितरक संस्थाले मासिक बिक्री आयको कम्तिमा १०% रकम मासिक रुपमा जम्मा गर्नु पर्नेछ ।

ग) खण्ड (क) अनुसारको कोषमा नेपाल सरकार, स्थानीय निकाय वा अन्य स्रोतहरुबाट रकम प्राप्त हुन आएमा सो रकम पनि जम्मा गर्नु पर्नेछ ।

घ) कोषमा जम्मा भएको रकम वितरण लाइनको मर्मत-सम्भारको कार्यमा खर्च गर्नु पर्नेछ ।

ङ) मर्मत-सम्भारको लागि कोषको रकम अपुग भएमा वितरक संस्था स्वयम्ले व्यवस्था गर्नु पर्नेछ ।

च) कोषको सञ्चालन वितरक संस्थाबाट हुनेछ ।

३) **आवर्ती कोषः**

क) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रममा सहयोग पुऱ्याउनको लागि वितरक संस्थालाई ऋण उपलब्ध गराउन एक आवर्ती कोष खडा गरिनेछ ।

ख) आवर्ती कोषमा दातृसंस्था, नेपाल सरकार वा अन्य स्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ ।

ग) आवर्ती कोषको लेखा परीक्षण आर्थिक प्रशासन विनियमावली बमोजिम हुनेछ ।

# परिच्छेद–६

## प्राधिकरणका विभिन्न निकायको काम, कर्तव्य र जिम्मेवारी

१२. **स्थानीय कार्यालयको काम कर्तव्य र जिम्मेवारीः**

यस विनियमावलीको प्रयोजनको लागि स्थानीय कार्यालयको काम कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछः

१) वितरक संस्थाबाट प्राप्त प्रस्ताव चेक गरी ने.वि.प्रा.को प्रचलित मापदण्डबमोजिम डिजाइन तथा लागत इष्टिमेट तयार गर्ने । आवश्यकताअनुसार स्थलगत भ्रमण/सर्भेक्षण समेत गरी योग्य र उपयुक्त प्रस्तावहरु विभागमा सिफारिस गर्ने ।

२)	उपविनियम (१) अनुसार प्रस्ताव सिफारीस गर्दा देहायअनुसारको विवरणसमेत अनिवार्यरुपमा समावेश गर्नु पर्नेछ ।

क)	३३/११ के.भी. सवस्टेशनसम्बन्धी विवरण ।

ख)	वितरण लाइनको सिंगल लाइन डायग्राम (SLD) । सो SLD मा ट्रान्सफरमरको विवरण, कण्डक्टरको विवरण र दूरी उल्लेख हुनु पर्नेछ ।

ग)	सामुदायिक ग्रामीण विद्युतीकरणको लागि प्रस्तावित क्षेत्रमा पहिले नै अन्य वितरक संस्थाको आवेदन परे/नपरेको वा अन्य कुनै वितरक संस्थासँग सम्झौता भए/नभएको विवरण ।

३)	प्राधिकरणको विद्यमान वितरण लाइन/संरचना लीज वा भाडामा लिई सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम सञ्चालन गर्ने वितरक संस्थालाई सम्झौता भएपश्चात् वितरण लाइनका देहायबमोजिमका विवरणहरु उपलब्ध गराउनेः

क)	वितरक संस्थाको क्षेत्रभित्र पर्ने प्रत्येक ट्रान्सफरमरबाट सेवा लिइरहेका ग्राहकको नाम, ठेगाना लगायतको अद्यावधिक विवरण ।

ख)	वितरण लाइनको प्राविधिक विवरण ।

ग)	प्राधिकरणको विद्युत महसुल बाँकी-बक्यौता रहेका सम्पूर्ण ग्राहकहरु (कालो-सूचीमा रहेका ग्राहकहरुसमेत) को वर्गिकरणअनुसार बाँकी-बक्यौताको विवरण ।

४)	प्राधिकरणबाट उपलब्ध गराइएको कालो-सूचीमा रहेका ग्राहकहरुको बाँकी-बक्यौता रकम असुलउपर गरे/नगरेको र असुलउपर गरेको रकम समयभित्रै प्राधिकरणमा उपलब्ध गराए/ नगराएको अनुगमन गर्ने ।

५)	कालो-सूचीमा परेका पुराना ग्राहकहरुलाई निजका बाँकी-बक्यौता असुलउपर नभएसम्म वितरक संस्थाले नयाँ विद्युत सप्लाई उपलब्ध गराउन नहुने हुँदा सोको पालना भए/नभएको अनुगमन गर्ने । बाँकी-बक्यौता असुलउपर नभई नयाँ विद्युत सप्लाई प्रदान गरेको पाइएमा उक्त बाँकी-बक्यौता रकम सम्बन्धित वितरक संस्थाबाट असुलउपर गर्ने ।

६)	सामुदायिक विद्युत व्यवस्थापन नीति तथा कार्यक्रमको विषयमा माग भएको समयमा यथार्थ विवरणसहितको जानकारी सम्बन्धित सरोकारवालालाई दिनुपर्ने ।

७)	मातहतको क्षेत्रका वितरक संस्थाले पेश गर्ने प्रस्तावका लागि चाहिने आवश्यक तथ्याङ्क एंव विवरणहरु उपलब्ध गराउने ।

८)	वितरक संस्थाको वितरण क्षेत्रमा सामुदायिकबाहेकको विद्युतीकरण कार्यक्रम नेपाल सरकार वा प्राधिकरणको लगानीबाट सञ्चालन गर्न नहुने ।

९)	सम्बन्धित निर्माण व्यवसायी वा वितरक संस्थाबाट हस्तान्तरण गरीने विद्युत वितरण संरचना प्रक्रिया पूरा गरी बुझिलिने ।

१०)	वितरक संस्थाहरुको बैठकको समन्वय गर्ने र सामुदायिक ग्रामीण विद्युतीकरणका लागि सामुदायिक सेल खडा गरी सम्पर्क व्यक्ति तोक्ने ।

११) वितरक संस्थाहरुको कार्यक्रमको अनुपातमा स्थानीय कार्यालयको आवश्यक दरबन्दिको सिफारिस गर्ने ।

१२) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गतका निर्माण कार्यको अनुगमन, नापजाँच र मूल्याङ्कन तथा गुणस्तर नियन्त्रण गर्ने ।

१३) नेपाल सरकार वा प्राधिकरणबाट कुनै वर्ग वा समुदाय वा व्यवसायका ग्राहकलाई विशेष सुविधा दिनेगरी निर्णय भएको खण्डमा सोहीअनुसार कार्य गर्न वितरक संस्थालाई निर्देशन दिनु पर्नेछ ।

१४) वितरण लाइन एवं संरचनाको सञ्चालन तथा सम्भारका लागि वितरक संस्थालाई संरचना हस्तान्तरण गर्ने गराउनका लागि भूमिका निर्वाह गर्ने ।

१५) विद्युत वितरण प्रणालिको संरक्षण, प्रबर्धन, विस्तार एवं मर्मत-सम्भारको व्यवस्थाको लागि वितरक संस्थाबाट प्राविधिक सहयोग माग गरेमा प्राविधिक सहयोग उपलब्ध गराउने ।

१६) वितरक संस्थाहरुसँग भएको विद्युतीकरण तथा वितरण प्रणाली सञ्चालन सम्झौता नवीकरणको लागि विनियम २१(३) वमोजिमका विवरणहरु वितरक संस्थाहरुबाट प्राप्त भएपश्चात् प्रक्रिया पुऱ्याई बढीमा १ (एक) वर्षको लागि सम्झौता नवीकरण गरी विवरणहरु सहित सो को जानकारी विभागमा गराउने ।

१७) वितरक संस्थाको क्षेत्रभित्रका ग्राहकहरुको रेकर्ड राख्ने र अनुगमन गर्ने ।

१८) वितरक संस्थामा थोक मिटर जडान गरेपछि स्थानीय कार्यालयले वितरक संस्थासँग अन्य ग्राहकसरह महसुल सङ्कलन लगायतका अन्य काम कारबाही तथा व्यवहार गर्ने ।

१९) अनुसुची–४ बमोजिमको मासिक विवरण वितरक संस्थाबाट सङ्कलन गरी विभागलाई उपलब्ध गराउने ।

२०) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गतको निर्माण कार्य र मर्मत-सम्भार कार्यसम्बन्धी ठेक्का पट्टाको म्याद थप तथा थप निर्माण कार्य आवश्यक भएमा उपयुक्त कारणसहित विभागमा सिफारिस गर्ने ।

२१) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

**१३. स्थानीय समितिसम्बन्धी व्यवस्थाः**

१. सामुदायिक ग्रामीण विद्युतीकरणका लागि प्रत्येक जिल्ला स्थित प्राधिकरणको स्थानीय कार्यालयमा निम्नानुसारको स्थानीय समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| क) | जिल्ला स्थित प्राधिकरणको सम्बन्धित कार्यालयको कार्यालय प्रमुख | - अध्यक्ष |
| ख) | सम्बन्धित वितरक संस्थाको प्रतिनिधि | - सदस्य |
| ग) | सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महाँसंघ, नेपालको जिल्ला प्रतिनिधि | - सदस्य |
| घ) | सम्बन्धित गा.वि.स.को प्रतिनिधि | - सदस्य |

ङ) सामुदायिक ग्रामीण विद्युतीकरणको कार्यक्रम हेर्ने प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयको - सदस्य-सचिव प्राविधिक कर्मचारी

पुष्ट्याईः"दुई वा दुई भन्दा बढि गा.वि.स.भित्र क्षेत्र भएका वितरक संस्थाको हकमा माथि (घ) को सम्बन्धित गा.वि.स.को प्रतिनिधिको सट्टामा सम्बन्धित जिल्ला विकास समितिको प्रतिनिधि सदस्य रहनेछ ।"

२) स्थानीय समितिको काम कर्तव्य, अधिकार देहायबमोजिम हुनेछः

क) वितरक संस्थाहरुसँग समन्वय गरी सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम सञ्चालन तथा प्रबर्धनको लागि टेवा पुऱ्याउने र एकरुपता कायम गर्ने ।

ख) वितरक संस्था र प्राधिकरण बीच भएको सम्झौता कार्यान्वयन गर्ने/गराउने र सो सम्झौता लागू भए/ नभएको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने ।

ग) वितरक संस्थाहरुको थोक विद्युत मिटर रिडिङ्ग, महसुल सङ्कलन लगायतका कार्यहरु नियमितरुपमा सुरक्षित, भरपर्दो विद्युत सेवा सञ्चालन भए/नभएको सुपरिवेक्षण तथा अनुगमन गर्ने र अर्धवार्षिकरुपमा समीक्षा गर्ने ।

घ) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमको प्रबर्धनात्मक कार्य गर्ने ।

ङ) सरकारी तथा गैर सरकारी संस्थासँग समन्वय गर्ने ।

**१४. क्षेत्रीय कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

१) सामुदायिक ग्रामीण विद्युतीकरणमा संलग्न वितरक संस्था, प्राधिकरणका स्थानीय एंव अन्य कार्यालयहरुसँग समन्वय गरी सहयोग पुऱ्याउने।

२) निर्देशक समितिको बैठकमा आवश्यक्ताअनुसार सहभागि भई तोकिएबमोजिमको कार्य गर्ने, प्राधिकरण र निर्देशक समितिबाट भएका निर्णयहरुको कार्यान्वयन गर्ने/गराउने ।

३) प्राधिकरणबाट सामुदायिक ग्रामीण विद्युतीकरणसम्वन्धमा तोकिएको अन्य कार्यहरु गर्ने/गराउने ।

**१५. सामुदायिक ग्रामीण विद्युतीकरण विभागको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

१) सामुदायिक ग्रामीण विद्युतीकरणसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

२) सामुदायिक ग्रामीण विद्युतीकरणको उपलब्ध/स्वीकृत बजेट भित्रका कार्यक्रम तर्जुमा गर्ने ।

३) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमको खरिद योजना तर्जुमा एवं कार्यान्वयन गर्ने ।

४) सामुदायिक ग्रामीण विद्युतीकरणका नयाँ प्रस्ताव, लाइन विस्तार, वितरक संस्था र कर्मचारीको क्षमता विकास, लगायतका उपयुक्त कार्यक्रमहरु रोलक्रमअनुसार स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्ने ।

५) निर्देशक समितिबाट स्वीकृत, सामुदायिक ग्रामीण विद्युतीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्ने/गराउने ।

६) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमको, कार्यान्वयन इकाईको सम्पूर्ण जिम्मेवारी वहन गर्ने ।

७) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गतका निर्माण कार्यहरुको अनुगमन, मूल्याङ्कन तथा गुणस्तर नियन्त्रण गर्ने/गराउने ।

८) निर्देशक समितिको सैद्धान्तिक निर्णयको परिधिभित्र रही प्राधिकरणको आर्थिक प्रशासन विनियमावलीबमोजिम सामुदायिक ग्रामीण विद्युतीकरण कोष सञ्चालन गर्ने ।

९) प्राधिकरणको आर्थिक प्रशासन विनियमावली र निर्देशक समितिको सैद्धान्तिक निर्णयको परिधिभित्र रहेर आवर्ती कोष सञ्चालन गर्ने ।

१०) सामुदायिक ग्रामीण विद्युतीकरणको स्वीकृत वार्षिक कार्यक्रमको आधारमा, चौमासिक रुपमा प्रगति अनुगमन गर्ने ।

११) निर्देशक समितिको बैठक व्यवस्थापन गर्ने ।

१२) निर्देशक समितिबाट कार्यक्रम स्वीकृत भएपछि वितरक संस्थाबीच सम्झौता गर्ने ।

१३) सामुदायिक ग्रामीण विद्युतीकरणको प्रगति प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्ने ।

१४) प्राधिकरणले तोकेका अन्य कार्यहरु गर्ने ।

**१६. निर्देशक समितिसम्बन्धी व्यवस्थाः**

१) सामुदायिक ग्रामीण विद्युतीकरण सम्बन्धी कार्यको व्यवस्थापन र अनुगमन गर्नको लागि देहायबमोजिम निर्देशक समिति गठन हुनेछः

| | | | |
|---|---|---|---|
| क) | उपकार्यकारी निर्देशक, वितरण तथा ग्राहक सेवा, निर्देशनालय | - | अध्यक्ष |
| ख) | निर्देशक, संस्थागत वित्तीय विभाग | - | सदस्य |
| ग) | निर्देशक, कानून विभाग | - | सदस्य |
| घ) | निर्देशक, योजना तथा प्राविधक सेवा विभाग | - | सदस्य |
| ङ) | सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको अध्यक्ष वा प्रतिनिधि | - | सदस्य |
| च) | निर्देशक, सामुदायिक ग्रामीण विद्युतीकरण विभाग | - | सदस्य-सचिव |

**२ निर्देशक समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थाः**

प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ मा जुनसुकै कुरा उल्लेख भए तापनि यस विनियमको प्रयोजनको लागि निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) सामुदायिक ग्रामीण विद्युतीकरणको उपलब्ध/स्वीकृत बजेटभित्रका कार्यक्रम स्वीकृत गर्ने ।

ख) सामुदायिक ग्रामीण विद्युतीकरणका नयाँ प्रस्ताव, लाइन विस्तार, वितरक संस्था र कर्मचारीको क्षमता विकासलगायतका कार्यक्रम स्वीकृत गर्ने तथा तिनको कार्यान्वयन अनुगमन गर्ने ।

ग) सामुदायिक ग्रामीण विद्युतीकरणसम्बन्धमा प्राप्त ऊजुरीहरुको सुनुवाई गरी निर्णय दिने ।

घ) वितरक संस्था र प्राधिकरणबीच विवाद कायम रहेमा वा विशेष प्रकृतिका ऊजुरी प्राप्त भएमा, आफ्नो राय र सिफारिससहित विनियम ३१ बमोजिमको विवाद समाधान समितिमा पठाउने ।

ङ) सामुदायिक ग्रामीण विद्युतीकरणसम्बन्धी नीति तर्जुमा गरी प्राधिकरणको व्यवस्थापनसमक्ष पेश गर्ने ।

च) ठेक्काको सम्पूर्ण म्याद थप स्वीकृत गर्ने ।

छ) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत ठेक्का सम्झौता भएको तीन महिनाभित्र, वितरक संस्थाले ठेक्का सम्झौता रकमको १५% सम्म थप कार्यको लागि प्रक्रिया पुऱ्याई अनुरोध गरेमा सोको स्वीकृति दिने ।

**३. बैठक सम्बन्धी व्यवस्थाः**

क) निर्देशक समतिको बैठक अवश्यकताअनुसार बस्नेछ र बैठक सञ्चालनसम्बन्धी व्यवस्था निर्देशक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

ख) निर्देशक समतिलाई आवश्यक लागेमा क्षेत्रीय प्रमुख, विशेषज्ञलगायत अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

ग) सामुदायिक ग्रामीण विद्युतीकरण सम्बन्धी नीतिगत विषयमा बाहेक वितरक संस्थासँगको कार्यको हकमा सम्बन्धित वितरक संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधी आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

**१७. वितरक संस्थाको थोक मिटर र अन्य मिटरको जडान, रिडिङ तथा बदलि सम्बन्धी व्यवस्थाः**

१. वितरक संस्थाको लागि आवश्यक थोक मिटर, सि.टि.,पि.टि.,र मिटरिङ्ग युनिट स्थानीय कार्यालयले नियमानुसार मूल्य तथा दस्तुर लिई जडान गर्नेछ । प्राधिकरण वा स्थानीय कार्यालयले नियमानुसार मूल्य लिई उपलब्ध गराउने थोक मिटर, सि.टि., पि.टि.र मिटरिङ्ग युनिटको लागत सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रममा समावेश हुने छैन ।

२. तोकिएको समयमा मिटर रिडिङ्ग नभएमा प्राधिकरणको स्थानीय कार्यालयको प्रमुख जिम्मेबार हुनेछ ।

३. प्राधिकरणले जडान गरेको थोक मिटरको रिडिङ प्रत्येक महिना प्राधिकरणको स्थानीय कार्यालयले वितरक संस्थाको आधिकारीक प्रतिनिधिको उपस्थितिमा स्थलगत रुपमा नै गरी विद्युत महसुल बिल उपलब्ध गराउनु पर्नेछ । तर सामुदायिक संस्थाको प्रतिनिधि उपस्थित नभएको खण्डमा पनि मिटर रिडिङ गर्न कुनै बाधा पर्ने छैन ।

४. वितरक संस्थाको थोक मिटर, ट्रान्सफरमरको ४००/२३० भोल्टतर्फ जडान भएको अवस्थामा ट्रान्सफरमर लसबापत ३% रिडिङ अङ्कमा थप गरिनेछ ।

५. वितरक संस्थाले आफ्नो ग्राहकको लागि सिंगल-फेज वा थ्रि-फेज मिटर वा विद्युतसम्बन्धी अन्य उपकरण वा सामाग्री माग गरेमा प्राधिकरणको नियमानुसार शुल्क लिई स्थानीय कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

६. वितरक संस्थाले प्राधिकरणबाट उपलब्ध गराईएका मिटर मात्र आफ्ना ग्राहक कहाँ जडान गर्नु पर्नेछ ।

७. वितरक संस्थाले आफ्नो ग्राहकका लागि मिटर माग गर्दा गार्हस्थ्य ग्राहकको हकमा प्रति ग्राहक दुई महिना बराबरको विद्युत महसुल र अन्य ग्राहकको हकमा अनुमानित दुई महिनाको खपतअनुसारको महसुल बराबरको रकम Revenue Security Amount बापत नगद वा बैङ्क ग्यारेन्टी अग्रीमरुपमा धरौटी स्वरुप बुझाउनु पर्नेछ । बैंक ग्यारेन्टी पेश गरेको हकमा बैंक ग्यारेन्टीको मान्य अवधि थप गर्दै लैजानु पर्नेछ ।

८. वितरक संस्थाले आफ्नो ग्राहक थप हुने अवस्था भएमा सो अनुसार धरौटी रकम पनि थप्दै जानु पर्नेछ ।

९. वितरक संस्थाको क्षेत्रमा जडान भएको थोक मिटर तथा वितरक संस्थाका ग्राहकहरु कहाँ जडान भएका प्राधिकरणबाट खरिद भएका मिटरहरु बन्द भएमा, जलेमा वा बिग्रेमा प्राधिकरणले विद्युत वितरण विनियमावली २०६९ मा भएको प्रावधानअनुसार गरिनेछ । यद्यपि थोक मिटर जडान भएको ५ वर्षभित्र विद्युत वितरण विनियमावली,२०६९ को विनियम १७(३) को अवस्था सिर्जना भई थोक मिटर बदली गर्नुपर्ने भएमा प्राधिकरणको स्थानीय कार्यालयले बिनामूल्य थोक मिटर बदली गर्नेछ ।

१०. मिटर रिडिङ भएको मितिदेखि २ महिनासम्म पनि वितरक संस्थाले विद्युत महसुल नबुझाएमा विद्युत लाइन काटी धरौटीमा रहेको रकमबाट विद्युत महसुल अशुल गरिनेछ । पुनः लाइन जोड्न आवेदन गरेमा अन्य ग्राहकसरह रकम असुलउपर भएपश्चात् मात्र लाइन जोड्न सकिनेछ ।

११. थोक मिटर जलेको, बिग्रिएको वा बन्द भएको अवस्थामा मिटर बदली नभएसम्म विद्युत वितरण विनियमावली २०६९ बमोजिम औषत बिलिङ गरीनेछ ।

१२. वितरक संस्थाको कारणले मिटर जलेको वा बिग्रिएको पाइएमा विद्युत वितरण विनियमावली, २०६९ बमोजिमको रकम वितरक संस्थाले तिर्नु/बुझाउनु पर्नेछ । तोकेको समयभित्र उक्त रकम जम्मा नगरेमा वितरक संस्थाको लाइन प्राधिकरणले काट्न सकिनेछ ।

१३. प्राधिकरणले आफना ग्राहकसरह वितरक संस्थाका ग्राहकहरुलाई पनि तोकेको दस्तुर लिई मिटर टेस्टिङ्ग गरी दिनु पर्नेछ ।

**१८. सामुदायिक ग्रामीण विद्युतीकरण, वितरण लाइन विस्तार, प्रणाली सुढृढीकरण तथा मर्मत-सम्भार सम्बन्धी व्यवस्थाः**

१) वितरक संस्थाको क्षेत्रभित्र सामुदायिक ग्रामीण विद्युतीकरण, लाइन विस्तार एंव प्रणाली सुढृढीकरण कार्य, सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमबाट गर्न सकिनेछ ।

२) प्राधिकरणले लीज वा भाडामा दिने वितरण लाइनको मर्मत, सुधार तथा सुदृढीकरण, हस्तान्तरण गर्नुपूर्व गर्नेछ ।

३) यस विनियमावली लागू भएपछि प्राधिकरणले लीज वा भाडामा दिएको लाइनको हस्तान्तरण पछिको सुढृढीकरण एंव वितरक संस्थाले सामुदायिक विद्युतीकरण कार्यक्रम अनुसार निर्माण गरेको वितरण लाइनको सुढृढीकरण सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमबाट गरिनेछ ।

४) वितरक संस्थाको लागि निर्माण गरीएका ३३ के.भी र ११ के.भी लाइन (वितरण ट्रान्सफरमरको High Voltage Terminal सम्म जडित उपकरणहरुसमेत) को मर्मत-सम्भार प्राधिकरणको स्थानीय कार्यालयले गर्नेछ । यद्यपी Drop Out Fuse मा उपयुक्त क्षमताको Fuse Link बदल्ने दायित्व वितरक संस्थाको हुनेछ र बढी क्षमताको Fuse Link जडान गरेको कारण वितरण ट्रान्सफरमर जल्न गएमा वितरक संस्था स्वयं जिम्मेवार हुनेछ ।

५) वितरक संस्थाको लागि निर्माण गरिएका ४००/२३० भोल्ट लाइन (वितरण ट्रान्सफरमरको Low Voltage Terminal देखि जडित सुरक्षाका उपकरणहरु र केबलसमेत) को मर्मत-सम्भार वितरक संस्थाले गर्नेछ ।

६) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमको सञ्चालन प्राधिकरणको प्रचलित ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका एवं अन्य निर्णयहरुबमोजिम हुनेछ ।

७) प्राधिकरणबाहेक अन्य निकायबाट खरिद गरिएका मालसामान प्राधिकरणको मापदण्ड तथा स्पेशिफिकेशनअनुसार नपाइएमा त्यस्ता मालसामानहरुको हिसाब-मिलान गरिने छैन ।

८) सामुदायिक ग्रामीण विद्युतीकरण कोषको रकम वितरक संस्थाको क्षेत्रमा खर्च गर्ने कार्यक्रम निर्धारण गर्दा वितरक संस्थाको तर्फबाट हुने लगानीको परिमाणलाई समेत ध्यानमा राखी प्राथमिकताक्रम निर्धारण गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

९) अन्य स्रोतबाट प्राप्त रकमको प्रयोगसम्वन्धमा छुट्टै कार्यविधि बनाई लागू गर्न सकिनेछ ।

१०) लीज वा भाडामा लिएको विद्युत संरचनाको मर्मत-सम्भार वितरक संस्था आफैले गर्नु पर्नेछ ।

**१९. क्षमता विकास एवं तालिमः**

१) वितरक संस्थाले आफ्ना कर्मचारीको क्षमता विकासका लागि कार्यशाला, गोष्ठी, कार्यक्रम वा तालिम माग गरेमा प्राधिकरणले कार्यशाला, गोष्ठी, कार्यक्रम एवं तालिम दिन सक्नेछ ।

२) वितरक संस्था र प्राधिकरणबीच सम्झौता भएपछि अनिवार्यरुपमा एक पटक व्यवस्थापकीय, लेखा तथा प्राविधिक तालिम दिनेछ ।

३) उपविनियम (१) र (२) बमोजिमको तालिम तथा कार्यक्रम, सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमबाट गरिनेछ ।

४) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यको लागत इष्टिमेट तयार गर्दाका बखत क्षमता विकास तथा तालिमको लागि लागतको १.५% रकम थप गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

**२०. ट्रान्सफरमरको क्षमता वृद्धि तथा मर्मत सम्भारः**

१) वितरक संस्थाको क्षेत्रमा ट्रान्सफरमर बदली गरी ट्रान्सफरमरको क्षमता वृद्धि गर्नुपरेमा पूरानो ट्रान्सफरमरको मूल्य र नयाँ ट्रान्सफरमरको अनुमानित लागत मूल्यको फरक रकमको १०% ले हुनआउने रकम वितरक संस्थाले जम्मा गरेपछि सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत क्षमता वृद्धि गरिनेछ । पूरानो ट्रान्सफरमर एवं त्यससँग सम्बन्धित सामानहरु प्राधिकरणको स्थानीय कार्यालयले स्टोर फिर्ता गरी आम्दानी बाँध्ने छ ।

२) वितरक संस्थाको क्षेत्रमा ११ के.भि.लाइन निर्माण गरी वा नगरी थप ट्रान्सफरमर जडान गरेर प्रणालीको क्षमता वृद्धि गर्नुपर्ने अवस्थामा लागत अनुमानको १०% बराबरको रकम वितरक संस्थाले जम्मा गरेपछि सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमबाट गरिनेछ ।

३) ट्रान्सफरमरको क्षमताले भ्याएसम्म वितरक संस्थाले नयाँ ग्राहक बनाउन सक्नेछ । तर ट्रान्सफरमरको क्षमता वृद्धि नगरिकनै ओभरलोड हुनेगरी सेवा विस्तार गरेमा वा उचित सम्भार नगरेको कारणबाट वा सुरक्षासम्बन्धी उपकरण जडान नगरेको कारणबाट ट्रान्सफरमरको क्षति हुनगएमा वितरक संस्थाले नै ट्रान्सफरमर मर्मत तथा बदली गर्नु पर्नेछ ।

४) उपविनियम (३) मा उल्लेख गरिएको अवस्थामा बाहेक ट्रान्सफरमर वा त्यससँग सम्बन्धित सुरक्षाका उपकरण जल्न गएमा प्राधिकरणको स्थानीय कार्यालयले मर्मत वा बदली गरिदिनु पर्नेछ ।

५) वितरक संस्थाको क्षेत्रभित्रको ट्रान्सफरमर जलेमा वा बिग्रेमा, सो मर्मत नहुँदासम्म प्राधिकरणको स्थानीय कार्यालयमा जगेडा/मौजुदा ट्रान्सफरमर भएमा सो उपलब्ध गराई विद्युत आपूर्ति सुचारु गर्न मद्दत गरिदिनु पर्नेछ ।

६) वितरक संस्थाले नयाँ सप्लाई दिनुपूर्व ट्रान्सफरमरको क्षमता जाँच गरी क्षमताले भ्याउने भएमा मात्र सप्लाई दिने र नभ्याउने भएमा उपविनियम (१) बमोजिम क्षमता वृद्धि गरिदिन प्राधिकरणलाई अनुरोध गर्नु पर्नेछ ।

७) ट्रान्सफरमर बिग्रेको वा जलेको अवस्थामा सम्बन्धित वितरक संस्थाले प्राधिकरणको स्थानीय कार्यालयमा आवश्यक कारबाहीको लागि निवेदन दिनु पर्नेछ ।

८) उपविनियम (७) बमोजिम निवेदन प्राप्त भएपछि प्राधिकरणको स्थानीय कार्यालयले स्थलगत निरीक्षण गरी उपविनियम (४) को अवस्था रहेमा मर्मत-सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

# परिच्छेद –७

## सम्झौता सम्बन्धी व्यवस्था

**२१. सामुदायिक ग्रामीण विद्युतीकरण तथा विद्युत प्रणाली सञ्चालनसम्बन्धी सम्झौताः**

१) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत निर्माण भएका विद्युत संरचना र प्राधिकरणबाट लीजमा लिएका विद्युत संरचनाबाट सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि तोकिएबमोजिम सम्झौता गरिनेछ ।

२) उपविनियम (१) बमोजिम सम्झौता गर्ने वितरक संस्थालाई अनुसुची–३ बमोजिम वितरक सेवा सञ्चालन प्रमाण-पत्र दिइनेछ ।

३) सम्झौता नवीकरण गर्दा पेश गर्नुपर्ने विवरणसम्बन्धी व्यवस्थाः
वितरक संस्थाले सम्झौता नवीकरण गर्नका लागि निवेदन दिँदा अनुसूची-४ बमोजिमको विवरणहरुका अतिरिक्त निम्नानुसारका कागजातहरु सम्बन्धित स्थानीय कार्यालयमा पेश गर्नु पर्नेछ ।

क) विद्युत महसुल भुक्तानी भएको प्रमाण ।
ख) धरौटी खातामा रहेको रकमको विवरण ।
ग) मर्मत-सम्भार कोषको विवरण ।
घ) लेखा परीक्षण प्रतिवेदन ।
ङ) वितरक संस्थाको प्रमाण-पत्र नवीकरण गरेको प्रमाण ।
च) विद्युत खरिद-बिक्रीको वार्षिक विवरण ।

**२२. दायित्व पूरा नगरेको अवस्थाः**

१) यस विनियमावलीमा उल्लेखित दायित्व एवं कर्तव्य वितरक संस्थाले पालना नगरेमा प्राधिकरणले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न सुझाब तथा निर्देशन दिन सक्नेछ ।

२) प्राधिकरणले दिएको सुझाव तथा निर्देशन मान्नु वितरक संस्थाको कर्तव्य हुनेछ । उपविनियम (१) मा तोकिएको अवधिभित्र वितरक संस्थाले आवश्यक सुधार नगरेमा प्राधिकरणले सो संस्थासँग भएको सम्झौता रद्द गर्न सक्नेछ ।

३) उपविनियम (२) बमोजिम वितरक संस्थासँग भएको सम्झौता रद्द गर्नुअघि प्राधिकरणले सम्बन्धित वितरक संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**२३. सम्झौता रद्द हुने अवस्थाः**

१) वितरक संस्थाले विद्युत सेवा बन्द गरेमा ।

२) वितरक संस्थाले झुटो विवरण, सूचना वा तथ्याङ्क पेश गरेमा वा निजले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको प्रमाणित हुन आएमा ।

३) वितरक संस्थाले प्राधिकरणको स्वीकृति नलिइ कुनै कार्य गरि प्राधिकरणको स्वामीत्वमा रहेको वितरण लाइन, विद्युतीय उपकरण तथा सामाग्रिमा क्षति हुनगई प्राधिकरणलाई हानी नोक्सानी भएमा ।

४) विनियम २२ (२) र (३) बमोजिम वितरक संस्थाले तोकिएको समयभित्र गर्नुपर्ने कार्य नगरेमा वा सन्तोषजनक सफाई पेश नगरेमा प्राधिकरणले सम्झौता रद्द गर्ने सूचना दिन सक्नेछ ।

५) वितरक संस्थाले उपविनियम (४) बमोजिम सम्झौता रद्द गर्ने बारेको सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र विवाद समाधान समितिसमक्ष निवेदन गर्न सक्नेछ ।

६) उपविनियम (५) बमोजिम वितरक संस्थाले निवेदन नगरेमा प्राधिकरणले सम्झौता रद्द गरी सोको जानकारी वितरक संस्थालाई दिन सक्नेछ ।

७) वितरक संस्थाले प्रभावकारी ढंगले विद्युत वितरण गर्न नसकेको भनी सम्बन्धित क्षेत्रका दुई तिहाई ग्राहकहरुले प्राधिकरणसमक्ष लिखित ऊजुरी गरेमा र सोउपर छानबिन हुँदा सो प्रमाणित हुनआएमा ।

**२४. सम्झौता स्वतः समाप्त हुने अवस्थाः**

१) सम्झौताको अवधि समाप्त भएको मितिले ३ महिनाभित्र वितरक संस्थाबाट सम्झौता पुनः नवीकरणका लागि निवेदन पेश नभएमा ।

२) वितरक संस्था विघटन भएमा ।

३) प्राधिकरण र वितरक संस्थाबीच सम्झौता समाप्त गर्न आपसी सहमति भएमा ।

४) नेपाल सरकार वा प्राधिकरणबाट सम्झौता रद्द हुने भनी नीतिगत निर्णय भएमा ।

**२५. सम्झौता लागू हुने मितिः**

प्राधिकरण र वितरक संस्थाबीच विद्युत वितरण सेवा सचालन गर्न सम्झौतामा उल्लेख भएको मितिदेखि सम्झौताको अवधि प्रारम्भ भएको मानिनेछ ।

**२६. सम्झौताको अवधिः**

सम्झौताको अवधि बढिमा ५ (पाँच) वर्षको हुनेछ ।

**२७. सम्झौताको संशोधनः**

प्राधिकरण र वितरक संस्थाबीच आपसि सहमतिमा विनियमावलीको भावना विपरित नहुने गरी सम्झौतामा संशोधन वा थपघट गर्न सकिनेछ ।

**२८. सम्झौता रद्द वा समाप्तिपछि विद्युत सेवा सञ्चालन र बाँकी-बक्यौता असुलउपर सम्बन्धी व्यवस्थाः**

क) सम्झौता रद्द भएमा वा वितरक संस्थाले एकतर्फी हिसाबले विद्युत सेवा बन्द गरेमा त्यस्ता संस्थासँग सम्झौताबमोजिम लिनुपर्ने बाँकी-बक्यौता रकम प्राधिकरणले उक्त वितरक संस्थाको चल-अचल सम्पत्तिबाट कानुनबमोजिम भराई लिनेछ ।

तर, वितरक संस्थाको चल-अचल सम्पत्तिबाट असुलउपर हुन नसकेमा वितरक संस्थाका सञ्चालक वा कार्य समितिका सदस्यहरुबाट दामासाहीले निजहरुको जायजेथाबाट सरकारी बाँकीसरह प्राधिकरणले असुलउपर गरी लिनेछ ।

ख) वितरक संस्था र प्राधिकरणबीच कुनै प्रकारको विवाद उत्पन्न भई विवाद समाधान समितिले विवाद समाधान नगरेसम्म वा अन्यथा आदेश दिएकोमा बाहेक वितरक संस्थाले विद्युत वितरणको कार्य बन्द गर्न पाउने छैन ।

**२९. विद्युत वितरणको बैकल्पिक व्यवस्थाः**

१) विनियम २३ बमोजिम सम्झौता रद्द भएमा वा विनियम २४ को अवस्थामा सम्झौता रद्द वा समाप्त भएमा, वितरक संस्थाले विद्युत वितरण गरेको क्षेत्रभित्र प्राधिकरण आफैले वा अन्य वितरक संस्थामार्फत विद्युत सेवा सञ्चालन गर्न/गराउन सक्नेछ ।

२) सम्झौता रद्द भएपश्चात् प्राधिकरणले वितरक संस्थाको वितरण क्षेत्रभित्र पर्ने निजी लगानीमा निर्मित वितरण लाइनको उचित मूल्याङ्कन (ह्रास कट्टिसमेत) गरी वितरक संस्थाले प्राधिकरणलाई कुनै किसिमको रकम तिर्न बाँकी भएमा सो मा समायोजन गरी बाँकी हुने रकम संस्थालाई फिर्ता दिनेछ ।

# परिच्छेदः ८

## विवाद समाधानसम्बन्धी व्यवस्था

**३०. विवाद समाधानः**

१) प्राधिकरण र वितरक संस्थाबीच भएको सम्झौताअनुसार कुनै पक्षले आफ्नो दायित्व निर्वाह नगरेको भन्ने लागेमा मर्का पर्ने पक्षले आफूलाई परेको मर्काको कारण खोली सोको समाधानको लागि स्थानीय समितिमा निवेदन दिन सक्नेछ ।

२) उपविनियम (१) बमोजिम निवेदन प्राप्त भएको मितिले ३५ दिनभित्र स्थानीय समितिले आवश्यक जाँचबुझ गरि विवाद सुल्झ्याउनु पर्नेछ ।

३) उपविनियम (२) मा तोकिएको मितिभित्र पनि विवादको निरुपरण हुन नसकेमा मर्का पर्ने पक्षले ३५ दिनभित्र विनियम १६ बमोजिम गठित निर्देशक समितिसमक्ष निवेदन गर्न सक्नेछ ।

४) उपविनियम (३) अनुसार निर्देशक समितिले पनि ३५ दिनभित्र विवाद समाधान गर्न नसकेमा विनियम १६ को उपविनियम (२) को खण्ड (ग) बमोजिमको निर्णय विवाद समाधान समितिमा राय सिफारिससहित पठाउने छ ।

**३१. विवाद समाधान समितिः**

प्राधिकरण र वितरक संस्थाबीचको विवादसम्वन्धमा निर्णय गर्न देहायबमोजिमको विवाद समाधान समिति रहनेछः

| | | | |
|---|---|---|---|
| १) | सञ्चालक समितिले तोकेको व्यक्ति | - | अध्यक्ष |
| २) | उपकार्यकारी निर्देशक, वितरण तथा ग्राहक सेवा निर्देशानलय, ने.वि.प्रा. | - | सदस्य |
| ३) | सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको अध्यक्ष वा प्रतिनिधि | - | सदस्य |
| ४) | सम्बन्धित वितरक संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - | सदस्य |
| ५) | निर्देशक, सामुदायिक ग्रामीण विद्युतीकरण विभाग | - | सदस्य-सचिव |

विवाद समाधान समितिको कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ । समितिको सचिवालयको काम विभागले गर्नेछ । विवाद समाधान समितिको अध्यक्ष, वितरक संस्थाको एक जना सदस्य र सदस्य–सचिवसमेत गरी ४ जना उपस्थित भएमा विवाद समाधान समितिको बैठकको गणपूरक सँख्या पुगेको मानिनेछ ।

**३२. विवाद समाधान समितिको अधिकारः**

१) विवाद समाधानसम्बन्धी परेको निवेदनउपर विवाद समाधान समितिले छानबिन गरी आवश्यक देखिएमा विशेषज्ञको सेवासमेत लिई निर्णय गर्न सक्नेछ ।

२) विवाद समाधान समितिले निवेदन प्राप्त भएको मितिले ४५ दिनभित्र निर्णय गरी सोको जानकारी निबेदकलाई १५ दिनभित्र दिनु पर्नेछ ।

३) विवाद समाधान समितिको निर्णय अन्तिम हुनेछ ।

# परिच्छेदः ९

## विद्युत महसुल र अन्य शुल्क

**३३. वितरक संस्थाको लागि विद्युत महसुल र अन्य शुल्कसम्बन्धी व्यवस्थाः**

१) वितरक संस्थाले आफ्ना ग्राहकबाट विद्युत महसुल र अन्य सेवा-शुल्क असुलउपर गर्दा विद्युत महसुल सङ्कलन विनियमावली २०६९ र विद्युत वितरण विनियमावली, २०६९ ले तोकेको दरभन्दा बढी असुलउपर गर्न पाउने छैन ।

२) प्राधिकरणले वितरक संस्थासँग असुलउपर गर्ने रकम प्राधिकरणको विद्युत महसुल सङ्कलन विनियमावली २०६९ बमोजिम हुनेछ ।

३) वितरक संस्थाले प्रत्येक महिनामा खपत गरेको विद्युत महसुलबापत हुनआउने रकम प्राधिकरणले तोकेको बैंक खातामा वा नगद नै प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयमा बुझाउनु पर्नेछ ।

४) वितरक संस्थाले पनि आफ्ना ग्राहकबाट महसुल असुलउपर गरी नेपाल विद्युत प्राधिकरणलाई तिर्नु-बुझाउनु पर्ने भएको हुँदा विद्युत महसुल सङ्कलन विनियमावली २०६९ मा विद्युत महसुलमा छुट तथा थप दस्तुरसम्बन्धमा जुनसुकै कुरा उल्लेख भएको भए तापनि वितरक संस्थाको लागि निम्नबमोजिम छुट र थप दस्तुर कायम हुनेछः

क) मिटर रिडिङ्ग गरेको १४ दिनभित्र महसुल बुझाएमा ३% रिबेट दिइनेछ ।

ख) मिटर रिडिङ्ग गरेको १५औं दिनदेखि २९औं दिनसम्म विद्युत महसुल बुझाएमा बिलबमोजिमकै महसुल लाग्नेछ ।

ग) मिटर रिडिङ्ग गरेको ३०औ दिनदेखि ३७औं दिनसम्म विद्युत महसुल बुझाएमा ५% जरिवाना लाग्नेछ ।

घ) मिटर रिडिङ्ग गरेको ३८औं दिनदेखि ४७औं दिनसम्म विद्युत महसुल बुझाएमा १०% जरिवाना लाग्नेछ ।

ङ) मिटर रिडिङ्ग गरेको ४८औ दिनपछि विद्युत महसुल बुझाएमा २५% जरिवाना लाग्नेछ ।

च) मिटर रिडिङ्ग गरेको ६०औं दिनसम्म विद्युत महसुल नबुझाएमा जुनसुकै बखत पनि विद्युत कनेक्सन काटिने छ ।

५) वितरक संस्थाको क्षेत्रभित्र कुनै निश्चित् ग्राहकको महसुल दर, सामुदायिक संस्थाको थोक ग्राहकको महसुल दर बराबर वा कम भएमा उक्त ग्राहकको बिलिङ्ग युनिटको सात (७) प्रतिशत बराबरको रकम वितरक संस्थाको बिलिङ्ग रकमबाट घटाई खुद बिलिङ्ग रकम कायम गरिनेछ । यस्ता ग्राहकहरुको रेकर्ड अनुगमन ने.वि.प्रा.को स्थानीय कार्यालयबाट हुनेछ ।

# परिच्छेदः १०

## प्रोत्साहन

**३४. वितरक संस्थाले पाउने प्रोत्साहनः**

१) वितरक संस्थाको क्षेत्रभित्रका ग्राहकको, सम्झौता हुनुभन्दापूर्व प्राधिकरणलाई विद्युत महसुल तथा अन्य सेवा शुल्क तिर्न बाँकी भए, यस्ता ग्राहकबाट बाँकी-बक्यौता रकम वितरक संस्थाले असुल गरेमा असुलउपर भएको रकमको १५ (पन्ध्र) प्रतिशत र कालो सूचिमा परेका ग्राहकबाट असुल भएको रकमको २५ (पच्चिस) प्रतिशत रकम प्राधिकरणले वितरक संस्थालाई प्रोत्साहन (Incentive) स्वरूप दिनु पर्नेछ ।

२) प्राधिकरणको वार्षिक उत्सव समारोहमा वर्षभरिमा उत्कृष्ट ठहरिने बढिमा तिन (३) वितरक संस्थाहरुलाई कदरस्वरूप प्रमाण-पत्र प्रदान गर्नेछ ।

३) उपविनियम (२) अनुसारको प्रमाण-पत्र वितरण गर्दा देहायअनुसारको आधार लिई मूल्याङ्कन गरिनेछः

(क) विद्युत महसुल प्राधिकरणलाई समयमै भुक्तानी गरेको ।

(ख) विद्युत चुहावट अन्य सामुदायिक संस्थाको भन्दा तुलनात्मक रुपमा कम भएको ।

(ग) विद्युत संरचनाको सुरक्षामा पर्याप्त ध्यान पुर्‍याई ट्रान्सफरमरसमेतका विद्युतीय सामाग्री जल्ने, बिग्रने तथा विद्युत अवरोध कार्य अन्य वितरक संस्थाको भन्दा कम भएको ।

४) उपविनियम (३) बमोजिम उत्कृष्ट संस्थाका बढिमा दुई जना प्रतिनिधिलाई वार्षिकरुपमा प्राधिकरणले स्वदेश वा छिमेकी देशको सामुदायिक संस्थामा भ्रमण गराउने व्यवस्था गर्न सक्नेछ ।

५) सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रममा विशेष सहयोग पुर्‍याउने व्यक्ति वा सँघ संस्थालाई कदरस्वरुप पुरस्कृत गर्न सकिनेछ ।

# परिच्छेदः ११

## वितरण लाइन भाडा वा लीज

**३५. विद्युत वितरण लाइन भाडा वा लीजमा दिनेसम्बन्धी व्यवस्थाः**

१) वितरक संस्थालाई प्राधिकरणले मापदण्ड निर्धारण गरी विद्युत वितरण लाइन भाडा वा लीजमा दिन सक्नेछ । वितरण प्रणालीको लीज भाडा, ०.१० (दश पैसा) प्रति खपत युनिट हुनेछ । लीज वा भाडामा दिइएको वितरण लाइनको स्वामित्व प्राधिकरणमै निहित रहनेछ ।

२) वितरण लाइनको लीज वा भाडा रकम वितरक संस्थाले प्राधिकरणलाई बुझाउनु पर्नेछ । तर वितरक संस्थाले गरेको आँशिक लगानिको हकमा सो लगानीको अनुपातमा लीज भाडामा छुट दिइनेछ । वितरक संस्थाले नेपाल सरकार वा स्थानीय निकायबाट प्राप्त जिन्सी वा नगदलाई निजको लगानिको रुपमा लिन पाउने छैन ।

# परिच्छेदः १२

## विद्युत चुहावट नियन्त्रण

**३६. विद्युत चुहावटमा कारबाही गर्नेसम्बन्धी व्यवस्थाः**

१) वितरक संस्थाले विद्युत चोरी गरेको पाईएमा वितरक संस्थालाई प्राधिकरणले विद्युत चोरी नियन्त्रण ऐन, २०५८ र विद्युत चोरी नियन्त्रण नियमावली, २०५९ बमोजिम कारबाही गर्नेछ ।

२) वितरक संस्थाले विद्युत चोरी निरुत्साहित गर्ने उद्देश्यले विद्युत चोरी नियन्त्रण ऐन र नियमावलीको प्रतिकूल नहुनेगरी आफ्नो वितरण क्षेत्रभित्रका ग्राहकहरुका लागि आचारसंहिता, कार्यविधि र कार्यक्रम बनाई आफै लागू गर्न सक्नेछ ।

# परिच्छेदः – १३

## विविध

**३७. कार्य सम्पादन तथा व्यवस्थापन लेखा परीक्षणः**

१) वितरक संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र संस्थाको वित्तीय कारोबारको प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराई लेखा परीक्षण प्रतिवदेनको एक/एक प्रति स्थानीय कार्यालय, क्षेत्रीय कार्यालय र विभागमा पेश गर्नु पर्नेछ ।

२) वितरक संस्थाको विधान तथा सञ्चालक समितिमा संशोधन वा परिवर्तन भएको पन्ध्र (१५) दिनभित्र प्राधिकरणको स्थानीय कार्यालयलाई अनिवार्यरुपमा लिखित जानकारी गराउनु पर्नेछ । उक्त परिवर्तित समिति यस नियमावलीमा भएको व्यवस्थाअनुसार भए/नभएको मूल्याङ्कन प्राधिकरणले गर्नेछ ।

**३८. कर दस्तुर**

प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने कर, दस्तुर तथा अन्य स्थानीय शुल्कहरु बुझाउने दायित्व सम्बन्धित वितरक संस्थाको हुनेछ ।

**३९. संस्थाको वितरण क्षेत्र थपघट गर्नेसम्बन्धी व्यवस्थाः**

वितरक संस्थाले प्राधिकरणको स्वीकृतिमा आफ्नो वितरण क्षेत्रसँग जोडिएका सिमानामा वितरण क्षेत्र थपघट गर्न सक्नेछ ।

**४०. काबुबाहिरको परिस्थितिः**

काबुबाहिरको परिस्थितिका कारणले वितरण लाइनमा ठूलो क्षति भई मर्मत गर्नुपर्दा मर्मत-सम्भार कोषमा भएको रकमले नभ्याउने भएमा वितरक संस्थाले पुष्टाईसहित मर्मतका लागि प्राधिकरणलाई अनुरोध गर्न सक्नेछ । जाँचबुझ गर्दा अनुरोध मनासिब देखिएमा आवश्यकताअनुसार वितरण लाइनको मर्मत प्राधिकरणले सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमबाट गर्न सक्नेछ ।

स्पष्टीकरणः काबुबाहिरको परिस्थिति भन्नाले युद्ध, आतङ्क, आगलागी, बाढीपहिरो, चट्याङ, भूकम्प र आधिबेहरीलाई जनाउनेछ ।

**४१. वितरक संस्थालाई निर्माण कार्यमा सहभागि गराउनेसम्बन्धी व्यवस्थाः**

सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत विद्युत संरचनाको निर्माण कार्य वितरक संस्थाको प्राविधिक तथा व्यवस्थापकीय क्षमता मूल्याङ्कन गरी उपयुक्त ठहरिएमा प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १८५, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अपनाई वितरक संस्थालाई निर्माण कार्यमा सहभागि गराउन सकिनेछ ।

**४२. वितरक संस्थाहरु गाभिई विद्युत वितरण सेवा सञ्चालन गर्न सक्नेः**

भौगोलिकरुपमा उपयुक्त दुई वा दुईभन्द बढी वितरक संस्थाहरु गाभिई (Merge) भई एक वितरक संस्थाको रुपमा सम्बन्धित वितरण क्षेत्रमा विद्युत वितरण सेवा सञ्चालन गर्न सक्नेछ ।

**४३. विनियमावलीको व्याख्या गर्ने अधिकारः**

यस विनियमावलीको व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाई हुनेछ । समितिको व्याख्या अन्तिम हुनेछ ।

**४४. कार्यविधि/निर्देशिका तयार गर्नेः**

यो विनियमावलीमा व्यवस्था गरिएका प्रावधानहरुको कार्यान्वयनका लागि आवश्यकता अनुरुप निर्देशक समितिले वितरक संस्थाको लागि आचारसंहिता, कार्यविधि, सम्झौता तथा निर्देशिका तयार गरी जारी गर्न सक्नेछ ।

**४५. खारेजी र बचाऊः**

क) प्राधिकरणको सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली, २०६५ (संसोधन सहित) खारेज गरिएको छ ।

ख) प्राधिकरणको सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली, २०६५ (संसोधन सहित) अनुसार भएगरेका काम कारबाही यसै विनियमावलीबमोजिम भएगरेको मानिनेछ ।

# अनुसूची – १
## विनियम ६ (१) सँग सम्बन्धित

### सामुदायिक तथा विद्युत वितरण सेवा सञ्चालन गर्नको लागि निवेदन फाराम

श्री ....................................,
नेपाल विद्युत प्राधिकरण,
सामुदायिक ग्रामीण विद्युतीकरण विभाग, काठमाण्डौ
मार्फत.............................................(प्राधिकरणको स्थानीय कार्यालय)

विषयः विद्युत वितरण सेवा सञ्चालन गर्न पाउँ ।

मैले/हामीले..........................अञ्चल.....................जिल्ला................गा.वि.स................नं.. .............वडाको...........पूर्व...........पश्चिम...........उत्तर............दक्षिण यति ४ किल्लाभित्रको क्षेत्रमा नेपाल विद्युत प्राधिकरण, सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली २०७१ अनुसारको सम्पूर्ण शर्त पालन गर्न मञ्जुर भई प्राधिकरणसँग थोकरुपमा विद्युत खरिद गरी वितरण गर्न कागजात थान..............संलग्न गरी विद्युत सेवा सञ्चालन गर्नको लागि दरखास्त दिएको छु/छौं ।

<u>विवरण</u>

(क) वितरक संस्थाको नामः
(ख) कार्य र क्षेत्रः
(१) जिल्लाः
(२) नगरपालिका/गाउँ विकास समितिः
(३) वडा नं:
(४) गाउँ/टोलः
(५) ट्रान्सफरमर सँख्या, क्षमताः
(६) फिडरः
अ) फिडरको नामः
आ) फिडर स्थान (कहाँदेखि कहाँसम्म)
(ग) वितरक संस्थाले उपयोग गर्न चाहेको विद्युत शक्तिको माग (............के.भि.ए.) (विद्युत शक्तिको मापन जडित वा जडान हुने ट्रान्सफरमर क्षमताको आधारमा हुनेछ)
(घ) प्रस्तावित कार्यक्षेत्रमा हाल विद्युत वितरणको अवस्थाः
(१) विद्युत क्षेत्रमा रहेका घरहरुको विवरणः
क) पक्का घर भएका...........वटा
ख) खपडा घर भएका.............वटा
ग) फुसको घर भएका...........वटा

(२) विद्युत लाइन लिनेहरुको अनुमानित सँख्या .............वटा सो मध्ये
क) पक्का घर भएका...........वटा
ख) खपडा घर भएका.............वटा
ग) फुसको घर भएका...........वटा
(३) हाल भएको ग्राहक सँख्या ................
(४) संभावित क्षेत्र.........................
(५) संभावित ग्राहक सँख्या....................

(ङ) विनियम ६(ग) मा उल्लेख भएका कागजातहरुः
(च) मर्मत-सम्भार कोषसम्बन्धी व्यवस्थाः
(छ) वितरण लाइन, ट्रान्सफरमर लगायत विद्युत उपकरणहरुको सुरक्षाः
(ज) संस्थाको कर्मचारीको सेवा, शर्तसम्बन्धीः
(झ) मिटर रिडिङ, बिलिङ्ग तथा सङ्कलनसम्बन्धी व्यवस्थाः
(ञ) वितरण प्रणाली सञ्चालन र सम्भारसम्बन्धी व्यवस्थाः

यसमा लेखिएको व्यहोरा ठीक-साँचो छ, सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली २०७१ तथा अन्य प्रचलित कानुनबमोजिम कार्य गराउने छौं, नगरे कानुनबमोजिम सजाय भएमा मञ्जुर छ भनी वितरक संस्थाको तर्फबाट सही गर्नेः

निवेदकः

| | |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः सदस्य सचिव | पदः अध्यक्ष |
| ठेगानाः | ठेगानाः |

फोन नं: मितिः फोन नं: मितिः

# अनुसूची – २

## विनियम ७ (४) सँग सम्बन्धित

## सम्झौता गर्न आउने आशय-पत्र

श्री वितरक संस्था .........................................

....................................

नेपाल विद्युत प्राधिकरणले आफ्नो प्रणालीअन्तर्गतका ग्राहकहरुलाई प्रदान गर्नुपर्ने सेवा तथा सुविधाहरु प्रचलित नेपाल कानुनबमोजिम गठन भएको वितरक संस्थासँग सम्झौता गरी त्यस्तो संस्थामार्फत ग्राहकहरुलाई सामुदायिकरुपमा विद्युत सेवा तथा सुविधा उपलब्ध गराउन चाहेको र सो प्रयोजनको लागि.......................... ...........संस्थाले विनियमावलीको अनुसूची-१ मा उल्लिखित क्षेत्रमा विद्युत सेवा सञ्चालन गर्ने मिति...............................मा नेपाल विद्युत प्राधिकरणमा निवेदन दिनुभएकोमा सो निवेदनउपर जाँचबुझ गर्दा त्यस संस्थाको प्रस्तावमा निम्नानुसारको वितरण क्षेत्र स्वीकृत गरिएकोले यो सूचना प्राप्त भएको मितिले ४५ (पैतालिस) दिनभित्र प्राधिकरणसँग विद्युत सेवा सञ्चालनसम्बन्धी सम्झौता गर्न आउन सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली, २०७१ बमोजिम यो सूचना दिइएको छ ।

स्वीकृत वितरण क्षेत्र

(१) जिल्लाः

(२) नगरपालिका/गाउँ विकास समितिः

(३) वडा नं:

(४) गाउँ /टोलः

(५) ट्रान्सफरमर सँख्या, क्षमताः

(६) फिडरः

क) फिडरको नामः

ख) फिडर स्थान (कहाँदेखि कहाँसम्म):

(७) निर्माण सम्पन्न गर्न लाग्ने कूल लागत रकमः

(८) सम्झौता गर्नुपूर्व संस्थाले जम्मा गर्नुपर्ने १०% रकमको ७५% रकम रु.

सूचना दिने अधिकारीको

सहीः

नामः

दर्जाः

मितिः

# अनुसूची ३

**(विनियम २१(२) सँग सम्बन्धित)**

**विद्युत वितरण सेवा सञ्चालन प्रमाण-पत्र**

## नेपाल विद्युत प्राधिकरण
## सामुदायिक तथा ग्रामीण विद्युतीकरण विभाग
## विद्युत वितरण सेवा सञ्चालन प्रमाण-पत्र

दर्ता मितिः

प्रमाण-पत्र नं:

श्री...................................................................

(वितरक संस्थाको नाम)

नेपाल विद्युत प्राधिकरण, सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली, २०७१ बमोजिम ..................... साल ........ महिना ........... गतेमा यस नेपाल विद्युत प्राधिकरण सामुदायिक तथा ग्रामीण विद्युतीकरण विभाग मा स्थायी लगत कायम गरी विद्युत सेवा सञ्चालन गर्नेगरी यो विद्युत वितरण सेवा सञ्चालन प्रमाण-पत्र प्रदान गरिएको छ ।

सहिः

नामः

पदः

# अनुसूची - ४

## विनियम १० को (११) सँग सम्बन्धित

## वितरक संस्थाको मासिक प्रगति-विवरण

| सामुदायिक संस्थाको नामः | | | | | | |
|---|---|---|---|---|---|---|
| महिनाः | | | | आ.व. | | |
| सि नं | विवरण | एकाई | गत महिनासम्मको (क) | यस महिना को (ख) | जम्मा (क+ख) | कैफियत |
| १ | सबै थोक मिटरबाट प्राप्त जम्मा युनिट | कि.वा.आ. | | | | |
| २ | बिक्री भएको जम्मा | कि.वा.आ. | | | | |
| ३ | चुहावट | प्रतिशत | | | | |
| ४ | ग्राहक सँख्या | | | | | |
| | क. गार्हस्थ्य | सँख्या | | | | |
| | ख. औद्योगिक | सँख्या | | | | |
| | ग. व्यापारिक | सँख्या | | | | |
| | घ. गैर-व्यापारिक | सँख्या | | | | |
| | ङ. खानेपानी | सँख्या | | | | |
| | च. सिंचाई | सँख्या | | | | |
| | छ. यातायात | सँख्या | | | | |
| | ज. अस्थायी बत्ती | सँख्या | | | | |
| | झ. सडक बत्ती | सँख्या | | | | |
| | ञ. मन्दिर | सँख्या | | | | |
| | ट. अन्य | सँख्या | | | | |
| | **जम्मा ग्राहक सँख्या** | **सँख्या** | | | | |
| ५ | विद्युत युनिट बिक्री | | | | | |
| | क. गार्हस्थ्य | कि.वा.आ. | | | | |
| | ख.औद्योगिक | कि.वा.आ. | | | | |
| | ग. व्यापारिक | कि.वा.आ. | | | | |
| | घ. गैर-व्यापारिक | कि.वा.आ. | | | | |
| | ङ. खानेपानी | कि.वा.आ. | | | | |
| | च. सिंचाई | कि.वा.आ. | | | | |
| | छ. यातायात | कि.वा.आ. | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ज. अस्थायी बत्ती | कि.वा.आ. | | | | |
| | झ. सडक बत्ती | कि.वा.आ. | | | | |
| | ञ. मन्दिर | कि.वा.आ. | | | | |
| | ट. अन्य | कि.वा.आ. | | | | |
| | **जम्मा बिक्री** | **कि.वा.आ.** | | | | |
| ६ | बिक्रीबापत आय रकम | रु. | | | | |
| | क. गार्हस्थ्य | रु. | | | | |
| | ख. औद्योगिक | रु. | | | | |
| | ग. व्यापारिक | रु. | | | | |
| | घ. गैर-व्यापारिक | रु. | | | | |
| | ङ. खानेपानी | रु. | | | | |
| | च. सिंचाई | रु. | | | | |
| | छ. यातायात | रु. | | | | |
| | ज. अस्थायी बत्ती | रु. | | | | |
| | झ.सडक बत्ती | रु. | | | | |
| | ञ. मन्दिर | रु. | | | | |
| | ट. अन्य | रु. | | | | |
| ७ | कुल बिक्री रकम | रु हजारमा | | | | |
| ८ | कुल सङ्कलन रकम | रु हजारमा | | | | |
| ९ | प्राधिकरणलाई तिरेको बिल रकम | रु हजारमा | | | | |
| १० | मर्मत-सम्भार कोषमा जम्मा रकम | रु हजारमा | | | | |
| ११ | मर्मत-सम्भार कोषमा खर्च रकम | रु हजारमा | | | | |
| १२ | मर्मत-सम्भार कोषमा बाँकी रकम | रु हजारमा | | | | |
| १३ | विद्युत चुहावट कारबाहीबाट प्राप्त रकम | रुपैया | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | विद्युत चुहावट कारबाहीबापत प्राप्त हुने रकम | रुपैया | | | | |
| १५ | विद्युत चुहावट कारबाही | सँख्या | | | | |
| १६ | ११ के.भि.लाइन विस्तार (सम्झौता हुँदाको ........ . कि.मि.) | | | | | |
| १७ | ४०० भोल्ट लाइन विस्तार (सम्झौता हुँदाको......... कि.मि.) | कि.मि. | | | | |
| १८ | २३० भोल्ट लाइन विस्तार (सम्झौता हुँदाको.........कि.मि.) | कि.मि. | | | | |
| १९ | ट्रान्सफरमर जडान सँख्या (सम्झौता हुँदाको.........कि.मि.) | सँख्या | | | | |
| २० | ट्रान्सफरमरहरुको जम्मा के.भि.ए. (सम्झौता हुँदाको......... के.भि.ए.) | के.भि.ए. | | | | |
| २१ | टि.ओ.डि.मिटर जडान | सँख्या | | | | |